यस व्यास नगरपालिकाको १५२ औं बैठक आज मिति २०७९/७/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| का.वा.वडाध्यक्ष वडा नं.८ | श्री राधा वि.क. | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०७९/६/३० को बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : योजनाहरुको सम्झौता एवं उपभोक्ता समितिलाई अभिमुखीरण सम्बन्धमा ।
प्रस्ताव नं.३ : विभिन्न कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.४ : बाघ एवं सिङ्गुसबाट मारिएका सम्बन्धितलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.५ : बाघ आक्रमणलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : नगर प्रमुखलाई स्वीकृत भ्रमणमा देश बाहिर जान विशेष राहदानी सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.७ : ढुङ्गा, गिट्टी, बालुवाको पुन: टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : बोलपत्र/दरभाउपत्र स्वीकृत सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/६/३० गते बसेको बैठकको निर्णय कार्यान्वयन हुन बाँकीका हकमा तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नगरसभाबाट तोकिएको योजनाहरुको उपभोक्ताहरुसँग सम्बन्धित वडा कार्यालयमै भएको सम्झौता र निर्माण एवं भुक्तानी प्रकृयाको सम्बन्धमा गरिएको अभिमुखीकरण कार्यक्रम सकारात्मक भएको बैठकमा समिक्षा गरी यसलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा निम्नानुसारका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

(क) गर्भवती महिला पोषण कार्यक्रम (महिलासँग उप-प्रमुख) कार्यविधि, २०७९ ।
(ख) एकल महिला तथा पुरुष सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १२ छिर्कने निवासी चित्र बहादुर कुँवरका ७ वर्षिय नाती अभिनव कुँवरको बाघको आक्रमणबाट मृत्यु भएको र वडा नं. ११ निवासी गंगा प्रसाद सुवेदीलाई सिङ्गुसको टोकाइबाट मृत्यु भएको घटनाका प्रति बैठकले दु:ख व्यक्त गर्दै अकल्पनिय विपद्जन्य घटना भई मानवीय क्षति भएकाले राहत स्वरुप मृतकका एकाघरका सगोलका हकवालालाई जनही रू.५०,०००/- (पचास हजार) राहत सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १२ र बन्दिपुर गाउँपालिका वडा नं. ३ क्षेत्रमा हाल बाघको आवत-जावत बढिरहेको र विगत २० दिनमा २ जना बालकहरुलाई आक्रमण बढिरहेको र विगत २० दिनमा २ जना बालकहरुलाई आक्रमण गरेर मारी सकेको हुँदा स्थानीय वडाबासी र नगरबासीहरुलाई सजग रहन र स्थानीयको मागका आधारमा जिल्ला प्रशासन कार्यालय तनहुँ र जिल्ला वन कार्यालय तनहुँलाई बाघ नियन्त्रणमा लिन वा नरभक्षी बाघबाट नगरबासीको सुरक्षाका लागि आवश्यक कानूनी प्रकृया पुर्‍याई मार्न समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेलाई UNOSD International Mayors Forum- 2022 द्वारा 13-16 December 2022 सम्म अफ्रिकी मुलुकको Dakar, Senegal मा हुने कार्यक्रमा भाग लिन जानका लागि भ्रमण स्वीकृत एवं विशेष राहदानी उपलव्ध गराईदिनका लागि स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा मादी नदी खण्ड 'ख' को ढुङ्गा, गिट्टी, बालुवाको टेण्डर यस अघि २ (दुई) पटकसम्म गर्दापनि कुनै टेण्डर पर्न नआएको हुँदा उक्त घाटको पुनः टेण्डर गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल चालु आर्थिक वर्ष २०७९।०८० संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण/खरिद कार्यको लागि बोलपत्र/दरभाउपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक |
|---|---|---|---|---|
| १ | RE05/VYASREV/2079/080) | श्री एक्सन बिल्डर्स प्रा.लि. व्यास-५, | व्यास नगरपालिका अन्तर्गत खण्ड(क) मादी नदीको ढूंङ्गा, गिटी,वालूवा (चापाघाट मादीको पक्की पुलदेखि कलेस्ती पुल सम्म) | रु.२,६३,६३,०६३।०० (मु.अ.कर र आयकरबाहेक) |
| २ | १/Health/०७८।०७९) | श्री हेल्पीङ मल्टीपर्पोज प्रा.लि. काठमाण्डौ | आवश्यक औषधी तथा सर्जिकल सामान सामाग्रीहरु खरिद | रु.२१,९६,८६६।६२(मु.अ.कर. बाहेक) |
| ३ | १/Vyas/Krishi/०७८।०७९) | श्री खाद्यान्न तथा बीउ आलु अलैंची फलफुल नर्सरी उद्योग काभ्रे | उन्नत आलुको बिउ वितरणको लागि आलुको बिउ खरिद गर्ने कार्य | रु.१५,७८,४२०१००(मु.अ.कर बाहेक) |